# इस्मा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड – ३, संख्या –२, श्रावण २९ गते, २०७६ साल**

## भाग – २

## इस्मा गाउँपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७६

<u>प्रस्तावना</u>

इस्मा गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६ दफा ४२ ले दिएको अधिकार प्रयोग गरी ऐनको अनुसूची १ अन्तर्गतको स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक मर्मत सम्भार कार्यलाई ब्यबस्थित गर्न इस्मा गाउँपालिकाले यो "इस्मा गाउँपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७६" बनाई लागू गरेको छ ।

(३) सडक मर्मतकर्ता नाइकेको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१ सडक प्राबिधिकको सल्लाह बमोजिम सडक मरम्मतकर्ता परिचालन गर्ने

२ सडक मर्मतकर्ताको दैनिक हाजिरी रेकर्ड राख्ने

३ सडकको मर्मतकार्य गुण्स्तरीय बनाउने

४ सडक मर्मतकर्ताहरु बीच सु सम्वन्ध स्थापित गर्ने

५ सडक मर्मतकर्ताहरु संग सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्दै स्वम्ले समेत मर्मतकर्ताको समेत कार्य गर्ने

६ सडक मर्मतकर्ताहरुलाई आवस्यक पर्ने औजारको लागि सडक प्रबिधिक मार्फत औजार उपलव्ध गराउने

७ समूहका औजारको सुरक्षा गर्ने,

८. सडक मर्मतकर्ताको योग्यता

नेपाली नागरिक

१८ बर्ष उमेर पुरा भई ५० बर्ष ननाधेको

साक्षर

शररीक रुपमा तन्दुरुस्त रहेको

९.सडक मर्मतकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरु

सडक मर्मतकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरु  देहाय बमोजिम हुनेछ ।

| संरचना | मर्मत तथा सम्भार कार्यको विवरण |
|---|---|
| सडक | पहिरो तथा अवरोधको सफाई गर्ने |
| माटो तथा ग्राभेल सतह | नाली, खोल्सी आदिको मर्मत गर्ने,पानी निकासको प्रबन्ध, ढुङ्गाको सोलिङ्ग तथा ग्राभेल बिछ्याउने कार्य गर्ने |
| सडकको सतह | नाली, गल्छी आदिको मर्मत,<br>काटिएको डिलको मर्मत, पानीको उचित निकास गर्ने |
| सडक नाली | सडक नालीको सफाई, भू-क्षय क्षेत्र सफाई तथा मर्मतगर्ने |

अनुसूची (२)

(दफा १४ सँग सम्बन्धित

आवेदनको ढाँचा)

इस्मा  गाउँपालिका, गाउँकार्यपालिकको कार्यालय

इस्मा रजस्थल, गुल्मी

प्रदेश नं ५, नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति  २०७...../...../..... )

इस्मा गाउँपालिकाको भौतिक पुर्वाधार शाखामा रहने गरी सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) पद को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ ( पन्घ्र) दिन भित्र दिनको २:०० बजेसम्म  रु. ..... (...... मात्र) राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण,पारिश्रमिक,सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.ismamun.gov.np बाट उपलब्ध हुनेछ

पद,   नाम,   संख्या

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता  – साधारण लेखपढ गर्न सक्ने

३. अनुभवको हकमा  सम्बद्ध कार्यमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको  ।

४. १८ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको हुनुपर्ने ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्ने:

क) उम्मेदवारको व्यक्तिगत विवरणसहितको निबेदन

ख) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

घ) अनुभवको प्रमाणित प्रतिलिपि

नोट: पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

अनुसूची (३)

